वर्ष १९ । अंक १३१ । काठमाडौं । सोमवार, २९ माघ २०८० । Monday, 12 February 2024 । पृष्ठ ८+४+४+४+४ । मूल्य रू. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०८०/०८१ को दोश्रो त्रैमासिक प्रतिवेदन

## राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं ।

फोन: ०१-५३३२७४८

**१) वित्तीय विवरण :**

क) आ.व.२०८०/०८१ को दोश्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

### वित्तीय अवस्थाको विवरण

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पुष मसान्त २०८० सम्ममा | असोज मसान्त २०८० सम्ममा | पुष मसान्त २०७९ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| स्थिर सम्पति | १,६८४,६८०,२५९.४८ | १,५१४,९८०,४४०.२५ | ४२,९१४.७४ |
| पूँजीगत कार्य प्रगति | - | - | १,३४१,४०४,४९०.२२ |
| शेयर लगानी | ३४,१४१.०० | ३४,१४१.०० | ३४,१४१.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **१,६८४,७१४,४००.४८** | **१,५१५,०१४,५८१.२५** | **१,३४१,४८१,५४५.९६** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १७,३६४,६७६.४९ | १९,९४०,५३६.५४ | १४,८९५,६८९.६० |
| मुद्दती निक्षेपमा लगानी | - | - | २०,०००,०००.०० |
| आसामीहरु | १५,२०८,६७७.६३ | १९,७८२,६४९.७४ | - |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ३३,८३८,३९२.८९ | ३०१,३४५,८९८.१२ | ३१७,२२९,३१६.२९ |
| **जम्मा चालु सम्पत्ति** | **६६,४११,७४७.०१** | **३४१,०६९,०८४.४०** | **३५२,१२५,००५.८९** |
| **जम्मा सम्पत्ति** | **१,७५१,१२६,१४७.४९** | **१,८५६,०८३,६६५.६५** | **१,६९३,६०६,५५१.८५** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० |
| जगेडा कोष र संचित नाफा | (३०,४१२,५१९.७०) | (२,४४६,७१०.५८) | २१,५४४,२४९.०७ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **५८२,३८१,२८०.३०** | **६१०,३४७,०८९.४२** | **६३४,३३८,०४९.०७** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | ९८४,१६६,९०६.२७ | ९७८,१५१,५०८.५२ | ८९०,४३७,२६३.६९ |
| **जम्मा गैह्र चालु दायित्व** | **९८४,१६६,९०६.२७** | **९७८,१५१,५०८.५२** | **८९०,४३७,२६३.६९** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | १६४,०३०,८६१.०१ | २६०,७१३,९०४.५७ | ६३,०७९,८००.६८ |
| अल्पकालीन बैंक ऋण | २०,४८५,३३०.९४ | ६,३६५,५६०.६८ | १०४,९२२,१२९.८५ |
| अन्य व्यवस्थाहरु | ६१,७६८.९७ | ५०५,६०२.४५ | ८२९,३०८.५७ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **१८४,५७७,९६०.९२** | **२६७,५८५,०६७.७१** | **१६८,८३१,२३९.१०** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,७५१,१२६,१४७.४९** | **१,८५६,०८३,६६५.६५** | **१,६९३,६०६,५५१.८५** |

### आय विवरण

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पुष मसान्त २०८० सम्ममा | असोज मसान्त २०८० सम्ममा | पुष मसान्त २०७९ सम्ममा |
| कुल आम्दानी | ३६,००४,८९३.१५ | १९,९६९,८४०.१९ | १,८२७,७४५.३३ |
| विद्युत उत्पादन खर्च | (२१,०२६,८०३.५८) | (५,६४१,०७६.५७) | - |
| प्रशासनिक खर्च | (१,३००,२१७.९८) | (१,०६९,९२४.४६) | (१२१,८६५.८८) |
| ह्रास खर्च | (७,९५४,२२३.०८) | (४,६३९,२५५.२९) | (६,१३०.६८) |
| वित्तीय लागत | (५७,४२९,४४३.१०) | (२७,९९९,९१७.२८) | - |
| **खुद नाफा/(नोक्सान)** | **(५१,७०५,७९४.५९)** | **(१९,३८०,३३३.४१)** | **१,६९९,७४८.७७** |

नोटः

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन्:**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पत्तिको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | (१६.८७) | ९४.३३ | ०.३६ | २८५.६४ | (१७.०६) |

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] | (१२.८०) | १०.२२ | ०.२८ | २८२.६४ | (१७.०६) |

## २) व्यवसायिक विश्लेषण :

**क) त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

यस कम्पनीले रूकुम (पूर्व) जिल्लाको भुमे र सिस्ने गाउपालिकामा ५ मेगावाट क्षमताको रूकुम गाढ जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरि चैत्र २८, २०७९ बाट व्यापारीक उत्पादन शुरू भई विद्युत विक्री बाट आम्दानी गर्न थालेको छ। हाल २०८० पुष मसान्त सम्मको बिल रकम सहित रू १,५२,०८,६७७.६३ (अक्षरमा: एक करोड बाउन्न लाख आठ हजार छ सय सतहत्तर रूपैयाँ त्रिसठ्ठी पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ। कम्पनीले उक्त रकम विद्युत खरिद बिक्री सम्झौता अनुसार बिलीङ्ग गरेको छ र उक्त रकम नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा) र कम्पनी बीच हिसाब मिलान हुन बाँकी रहेकोले सो रकम घटवढ हुन सक्ने छ।

मिति भाद्र ०९, २०८० मा अप्रत्यासित रूपमा भएको अविरल बर्षाको कारणले रूकुम गाढ लगायत अन्य साना खोलाहरूमा आएको बाढी र पहिरोको कारण रूकुम गाढ जलविद्युत आयोजनाको Headrace Pipe मा क्षति पुग्न गएको साथै काबु बाहिरको परिस्थिती सृजनाको कारण रूकुम गाढ जलविद्युतको उत्पादन भाद्र ०९, २०८० बाट बन्द रहेकोमा विद्युतको बढ्दो माग लाइ मध्यनजर गरि मर्मतको कार्य भइरहेता पनि मिति कार्तिक ०२, २०८० बाट संचालनमा ल्याएको र सो स्थानमा स्थाई संरचना निर्माण कार्य अन्तिम चरणमा रहेको छ। साथै कम्पनीले इन्स्योरेन्स कम्पनीलाई दाबी गर्नुपर्ने Loss of Profit बापतको रकमलाई इन्स्योरेन्स contract को clause अनुसार provision गरि प्रत्यक्ष आम्दानीमा देखाईएको छ र उक्त रकमको settlement गर्ने बखत घटवढ हुन सक्ने छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

कम्पनीले आयोजनाको निर्माणको चरणमा लिएको दीर्घकालीन ऋण चुक्ता गर्न १:१ हकप्रद शेयर जारीको लागी विद्युत नियम आयोगको सहमति पछि आ.व. २०७९/०८० को वार्षिक साधारण सभाबाट पारित भइसकेको जानकारी गराईन्छ। सो हकप्रद शेयर जारी गर्ने अनुमतिको लागि विद्युत नियमन आयोगमा आवश्यक कागजातहरु पेश गरिएको छ। हकप्रद शेयर जारी गरि ऋण चुक्ता पछि कम्पनीको आगामी वित्तीय अवस्था सुदृढ हुने अपेक्षा रहेको छ। सो पश्चात अन्य जलविद्युत आयोजनाहरुमा थप अध्ययन गरी उचित लगानी गर्ने पहल गरिनेछ।

**ग) विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**

यस कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था हाल सम्म देखिएको छैन। तर, मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप (काबु बाहिर स्थिति) को असर भने सदा रहिरहने छ।

## ३) कानुनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन।

## ४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण:

**क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट बनुसार:**

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| २९६.७० | १८४.५० | २८७.९० | ४९.०० | १०,०९८.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

## ५) समस्या तथा चुनौती :

नेपाल विद्युत प्रधिकरण अन्तर्गतको रूकुम पश्चिम-सल्यान-दाङ्गको विभिन्न खण्डको ३३ के.भी. प्रसारण लाईनमा समस्या उत्पन्न भएका कारण आयोजनाले वर्षा याममा पनि जडित क्षमता अनुसार विद्युत उत्पादन गर्न सकेको छैन। यसको क्षतीपूर्तिको लागी यस कम्पनीले नेपाल विद्युत प्राधिकरणलाई पत्र समेत पठाईसकेको छ। साथै कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन्। अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ।

## ६) संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

## ७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।